पर्वतीय प्राकृतिक सम्पदा

ICIMOD

Discussion Paper
Series No. MNR 96/N1

नेपाल मध्यस्थता समूह

जलविरे महिला सामुदायिक वन समूह

सपना प्रधान मल्ल

अन्तर्राष्ट्रिय एकिकृत पर्वतीय विकास केन्द्र
काठमाण्डौं, नेपाल
२०५२

© सर्वाधिकार २०५२

अन्तर्राष्ट्रिय एकिकृत पर्वतीय विकास केन्द्र

ISSN 1024 - 7556

प्रकाशक

अन्तर्राष्ट्रिय एकिकृत पर्वतीय विकास केन्द्र
पोष्ट बक्स नं. ३२२६
काठमाण्डौ, नेपाल

इसिमोडको प्रकाशन इकाईमा टाईप डिजाइन गरेको

The views and interpretations in this paper are those of the author(s). They are not attributable to the International Centre for Integrated Mountain Development (ICIMOD) and do not imply the expression of any opinion concerning the legal status of any country, territory, city or area of its authorities, or concerning the delimitation of its frontiers or boundaries.

ISSN 1024 - 7556

नेपाल मध्यस्थता समूह
जलविरे महिला सामुदायिक वन समूह

सपना प्रधान मल्ल

MNR Series No. 96/N1

सपना प्रधान मल्ल सर्वोच्च अदालत, नेपालको अधिवक्ता हुनु हुन्छ ।

फाल्गुण २०५२
अन्तर्राष्ट्रिय एकिकृत पर्वतीय विकास केन्द्र
काठमाण्डौ, नेपाल

धन्यवाद ज्ञापन

आफ्नो अमूल्य समय र आफूसंग भएका जानकारीहरु खुलस्त रुपमा उपलव्ध गराइदिनु भएकोमा श्री ५ को सरकार वन विभागका कर्मचारीहरु तथा जलविरे महिला सामुदायिक वन समूहका महिला सदस्यहरु प्रति धन्यवाद व्यक्त गर्न चाहन्छु ।

यस बस्तुस्थिति अध्ययनले प्राकृतिक सम्पदा उपभोग गर्ने सम्वन्धमा उत्पन्न हुने झै झगडा र विवाद निराकरण गर्ने तर्फ एक समझदारी बन्न सक्ने आशा गरिएको छ । यस अध्ययनको सिलसिलामा देखिएका समस्याहरु बारे वन कर्मचारीहरु, समुदायहरु र गाउँस्तरका संस्थाहरु तथा सामुदायिक वन संग सम्वन्धित सवै पक्षले गम्भीर रुपमा छलफल गर्नु उपयुक्त हुने ठान्दछु ।

विषय सूचि

धन्यवाद ज्ञापन
पृष्ठभूमि
जलविरे महिला सामुदायिक वन समूह १
वन व्यवस्थापनको उद्देश्य २
विवाद ३
विवाद समाधानका प्रयास ४
वन विभागको निर्णयको विश्लेषण ५
वन विभागको निर्णय र यसको असर ५
जलविरे महिला सामुदायिक वन समूह ७

सामाजिक र लिंग भेद सम्बन्धि प्रभाव ७
वन विभाग प्रति विश्वास घट्नु ७
आर्थिक प्रभाव ७
संस्थागत प्रभाव ८
जैविक वातावरणीय प्रभाव ८

वन विभाग प्रतिको दृष्टिकोण ८
लिंग भेदबाट परेको असर ९
कानूनी प्रश्नहरु ९
सम्भाव्य सिफारिसको खोजी ११

नीति निर्माण स्तर ११
विभागीय स्तर ११
जिल्ला वन कार्यालय स्तर ११
समुदायस्तर १२

सन्दर्भ सामग्री १२

पृष्ठभूमि

गोरखा जिल्ला नेपालको पश्चिमाञ्चल विकास क्षेत्रमा पर्दछ । यसको दक्षिण तिर नेपालको तराई क्षेत्र र उत्तर तिर तिब्वत पर्दछ । जिल्लाको उचाई ४८८ देखि ८१५६ मिटर सम्म रहेको छ। औसत बर्षा १४९१.५ मिलि मिटर हुने गर्दछ । जिल्लाको भूभाग उच्च हिमाली पर्वत देखि उच्च पर्वत र मध्य पर्वतीय भेगसम्म फैलिएको छ । जिल्लाको कूल क्षेत्रफल ३६१,४७० हेक्टर छ, जस मध्ये ११२,५३५ हेक्टर वन, ४१,४८२ हेक्टर खेति गरिएको जमीन, २३,०५७ बाँझो जमीन र ५८,९९० हेक्टर चरन क्षेत्रमा पर्दछ ।

सन् १९९१ को जनगणना अनुसार गोरखा जिल्लाको कूल जनसंख्या २५२,५२४ र जनघनत्व ७० जवान (व्यक्ति) प्रति वर्ग किलोमिटर रहेको छ । घर परिवारमा औसत संख्या ५१ व्यक्ति छ । ६ बर्ष र बढी उमेरका जनसंख्या मध्ये ४३.६ प्रतिशत साक्षर छन् (१९८१ को जनगणनामा १८.३ प्रतिशत साक्षर थिए) । स्थानीय विभिन्न २० भाषा-भाषी समुदाय रहेतापनि मातृभाषा नेपाली हुनेहरुको समुदाय सबभन्दा ठूलो छ । अन्य भाषामा मुख्यतया गुरुङ्ग, मगर, भोटे, र शेर्पा भाषा पनि बोलिन्छन् । यसै गरी २२५९३९ हिन्दु र २२,३९९ बुद्ध धर्म मान्नेहरु छन् ।

जलविरे महिला सामुदायिक वन समूह

जलविरे महिला सामुदायिक वन, गोरखा जिल्लाको खैरेनी बजार नजिक अवस्थित छ । यस्को पूर्व र पश्चिम सिमानामा खैरेनी गोरखा सडक छ । उत्तर र दक्षिण तिर कृषि जमिनले घेरेको छ । महिला समूहको जिम्मामा लगाइएको वन क्षेत्र ३.९३ हेक्टर (१ हेक्टर बराबर २.५ एकड) छ र यो दुइ क्षेत्र (भाग) मा बाँडिएको छ । एक नं क्षेत्रमा सिसौ, कपूर, खयर आदि वृक्षारोपण गरिएको छ । यो क्षेत्रमा प्राकृतिक रुपमा उम्रेका वन पनि छन् । दुई नं क्षेत्रको दक्षिणी भागलाई चरनले असर पारेको छ । यो क्षेत्रमा केहि ठुटाहरु र पलाएका सालका बोट पाइन्छन् । साथै आँप, सिरिस, खयर, चिलाउने, साज, मौवा आदि रुखहरु पनि छन् । बिना रोक-टोक चरन बढ्दै गएमा यो क्षेत्रमा पलाउन लागेका सालका वोटलाई हानी पुग्न सक्छ ।

२५ बर्ष अघिसम्म त्यहाँ घना वन थियो । राजमार्ग बने पछि राजमार्गबाट नजिक र गोरखा जाने बाटो तथा बजारको पनि नजिक रहेको यो वन क्षेत्र द्रुत रुपमा मास्सिदै गयो । शुरुदेखिनै खुला सार्वजनिक वन भएकोले यस्को संरक्षणका लागि कसैले चासो देखाएनन् । यो वनबाट खैरेनी बजारमा घर बनाउनका लागि मात्र नभइ अन्यत्र चोरी निकासीका लागि समेत रुख कटानी हुन थाल्यो । गाउँलेहरुले चोरी निकासी गर्नेहरुको सामना गर्ने आँट गरेनन् ।

एक अन्तर्राष्ट्रिय गैर सरकारी संस्था बाल बालिका बचाउ कोष (सेभ द चिल्ड्रेन फण्ड) ले यस क्षेत्रमा प्रौढ शिक्षा कार्यक्रम संचालन गऱ्यो । सेभ द चिल्ड्रेन फण्ड (एस.सी.एफ) ले

महिलाहरुलाई वन संरक्षणका तरिकाहरु विकास गर्न प्रोत्साहित गर्दै वन जंगलको महत्वप्रति पनि सचेत गरायो । २०४६ सालमा वन संरक्षण र विकासका लागि वन नजिकका घर-परिवारहरु मध्येबाट जलविरे महिला सामुदायिक वन समूह नामको एउटा महिला वन उपभोक्ता समूह गठन गरियो । त्यो समूहले प्रत्येक सदस्य घर-परिवारबाट मासिक ५ रुपियाँ संकलन गर्न शुरु गऱ्यो र सेभ द चिल्ड्रेन फण्डको सहयोगमा सामुदायिक वनमा कार्यक्रमहरुको थालनी गऱ्यो । सर्वप्रथम २०४७ सालमा वृक्षारोपण गरियो । यो काम २०४८ सालमा पुन: गरियो । त्यसै समयमा श्री ५ को सरकार वन विभागले सार्वजनिक वन सामुदायिक समूहहरुलाई जिम्मा दिने गरी सामुदायिक वन कार्यक्रम लागू गर्न शुरु गऱ्यो । सेभ द चिल्ड्रेन फण्डले गोरखा जिल्ला वन कार्यालयसंग सम्पर्क र समन्वय गरी वन क्षेत्रको व्यवस्थापनका लागि कार्य संचालन योजना तयार गऱ्यो । त्यो कार्य संचालन योजना, जिल्ला वन कार्यालयबाट २०४९।१।१४ मा र पश्चिमाञ्चल क्षेत्रीय वन निर्देशनालयवाट २०४९।९।३२ मा स्वीकृत भयो ।

२०४८ सालमा जलविरे महिला सामुदायिक वन समूहमा ४४ घर धुरी र त्यसका २५८ उपभोक्ता संख्या र १७९ वटा बस्तुभाउ (पशु) समावेश थिए । वन वरपरका सबै घर-परिवारका सदस्यहरु समूहमा सामेल थिए । २०५१ साल सम्ममा बसाई सराईले सदस्यता घटेर ३१ घर-परिवार संख्या मात्र रहन गयो र हालै आएर एउटा घर-परिवार थप भएको छ । जिविकाका लागि अन्यत्र बसाई सर्नुको कारणबाट सदस्यता घटे तापनि उपभोक्ताको संख्या भने शुरुमा ४४ घर-परिवार सदस्य रहंदा जति थियो, त्यति नै रहेको छ । जलविरे महिला सामुदायिक वन समूह सहकारी संस्थाको रुपमा संचालित छ । उपभोक्ताहरुमा मगर, गुरुङ्ग र क्षेत्रीहरु बढी छन् । सबै सदस्य महिला छन् र धेरै जसो निरक्षर छन् ।

वन व्यवस्थापनको उद्देश्य

वन क्षेत्रको उत्पादकत्वमा सुधार गरी घाँस-पात, दाउरा र काठको दैनिक आवश्यकता पूरा गर्न जलविरे महिला सामुदायिक वन समूहले देहाय बमोजिमका उद्देश्य लिएको छ ।

- वनको स्तर सुधार गर्ने, उत्पादन बढाउने, रोपिएको विरुवाको संरक्षण गर्ने,
- आफ्ना सदस्यहरुका लागि दैनिक चाहिने वन पैदावारको आवश्यकता बिस्तारै पूरा गर्दै जाने,
- भू-क्षय नियन्त्रण गर्ने, पानीका मुहान संरक्षण गर्ने र प्राकृतिक सन्तुलन कायम राख्ने,
- दीर्घकालिन आधारमा वनबाट आर्थिक लाभ लिने र वनको आम्दानी समुदायको कल्याणका लागि प्रयोग गर्ने,
- यो वन संरक्षण र व्यवस्थापनमा महिलाहरु बढी मात्रामा सक्रीय भएको हुनाले यसको प्रभाव अन्यत्र बिस्तार गरी महिला वन उपभोक्ताहरुलाई वन संरक्षणमा सक्रीय तुल्याउन पथ-प्रदर्शन गर्ने ।

विवाद

२०४८ सालको कार्य संचालन योजना अनुसार एक नं क्षेत्रमा कुनै पनि रुख कटानी नगर्ने, दुई नं क्षेत्रमा पानीको मुहानमा, खुला ठाउँमा, र सडक नजिकका सबै रुखहरु यथावत रहन दिने र आँप र खयरको रुख वाहेक अरु ठाउँमा देहाय बमोजिम रुख कटानी गर्न सकिने व्यवस्था रहेको थियो ।

- २०४९ सालमा मोटर बाटो छेउ एउटा प्रतिक्षालय बनाउन एउटा मात्र सालको रुख काट्ने,
- २०५० सालमा काठको लागि कुनै पनि रुख नकाट्ने,
- आवश्यक भएमा २०५१ सालमा दुई वटा रुखहरु काट्न सकिने,
- २०५२ सालमा बढीमा चार वटा रुखहरु काट्न सकिने,
- २०५३ सालमा बढीमा पाँच वटा रुखहरु काट्न सकिने ।

कार्य संचालन योजनामा यस्तो नियन्त्रणको व्यवस्था हुँदा-हुँदै पनि जम्मा ९६६.२१ क्यूविक फिट काठका लागि २०४९ सालमा साल, चिलाउने, मौवा, आदि जातका रुखहरु कटानी गरिए । (तालिका १ हेर्नुस्) । यसअघि समूहले वनको गोडमेल र सफाई गर्दा एक चट्टा सालको दाउरा र आधा चट्टा चिलाउनेको दाउरा जम्मा गरेको थियो । जिल्ला वन कार्यालयले यसलाई बिक्री गर्न पाउने अनुमति पनि दिएको थियो । जलविरे समूहका अनुसार काठ र दाउरा जम्मा गर्ने काम जिल्ला वन कार्यालय र रेन्जर कार्यालयको रेख-देखमा गरिएको थियो तर यस कुरालाई सावित गर्न उनीहरुले कुनै लिखित प्रमाण पेश गर्न सकेनन् । वन विभागका कर्मचारीहरुले यस्ता आदेश दिइए वा दिइएनन् भन्ने कुराको पुष्टि गरेका छैनन् ।

तालिका १: कटानी गरिएका रुखका जात र परिमाण

क्रम संख्या	जात	परिमाण क्यू. फि.
१)	चिलाउने	३१७.०६
२)	मौवा	५०६.००
३)	साल	१४३.१५
	जम्मा	९६६.२१

विवाद उठ्नुमा महिला उपभोक्ता समूहले काठ, जिल्ला बाहिर लगी बिक्री गर्ने निर्णय गर्नु पनि एउटा कारण हो । कटानी भएको काठबाट आफ्नो आम्दानी बढाउन महिला समूहले गोरखा जिल्ला भित्रका गाउँहरुको सट्टा काठमाडौंमा काठ बेच्ने निर्णय गऱ्यो । काठमाडौंको प्रतिस्पर्धापूर्ण बजारमा काठको मूल्य पनि बढी पाइन्छ भन्ने धारणामा आधारित यो निर्णयले स्थानीय काठ ठेकेदारहरुको व्यापारमा खतरा पुग्न जाने स्थिति देखियो । महिला समूहले आफूले खाई आएको फाइदा हडप गर्न सक्छन् भन्ने ठानी, ठेकेदारहरुले यो समस्या र विवादलाई राजनीतिकरण गर्ने निश्चय गरे । संभवत: यस्तो निहित स्वार्थले प्रेरित भई उनीहरुले महिला समूहको बिरुद्धमा स्थानीय प्रशासनिक निकायहरुलाई संचालन गर्न थाले । यसले गर्दा विवाद र यस्को समाधानको सम्भावना स्थानीय जिल्ला स्तरको कारवाहीबाट हुन नसक्ने स्थिति आयो र यो विवाद केन्द्रका अधिकारीहरु समक्ष पुऱ्याइयो ।

विवाद समाधानका प्रयास

सामुदायिक वनको कार्य संचालन योजना मिचेर काम गरिएकोले जिल्ला वन कार्यालय र जलविरे महिला सामुदायिक वन समूह बीच विवाद खडा भयो । दुवै पक्ष बीच आपसी समझदारीबाटै यो विवाद टुंगिन सक्थ्यो, तर निहित स्वार्थबस् ठेकेदारहरुबाट यो कुरालाई राजनीतिकरण गरिएकोले कसैले पनि यसलाई समाधान गर्न चाहेनन् । स्थानीय तहमा समाधान हुन नसकेकोले विवाद केन्द्रसम्म पुग्यो ।

स्थानीय संस्थाहरुबाट यस्ता कुरालाई नियन्त्रणमा लिएर समस्या समाधान गर्ने कुनै प्रयास भएन । दुवै पक्ष जिल्ला वन कार्यालय र महिला समूह बीच विश्वास र सहमतिमा पुग्नका लागि कुनै पनि बैठक वा छलफल भएन । जिल्ला वन अधिकारीको सरुवाले गर्दा वन विभागले पनि यो समस्या समाधान गर्न सकेन । दबै पक्ष सहमतिमा पुग्न चाहन्थे, तर ती मध्ये कुनैले पनि यस्का लागि पहल गरेन । समस्या समाधानका लागि कुनै एक मध्यस्थले पनि प्रयास गरेको देखिएन । विशेष गरी जिल्ला वन अधिकारीले वन विभागको उच्च र केन्द्रीय-स्तरबाट नै निर्णय र निर्देशन पर्खेर बसे जस्तो देखिन्थ्यो ।

२०५०।१।११ मा जिल्ला वन अधिकारीले पश्चिमाञ्चल क्षेत्रीय वन निर्देशनालयलाई आवश्यक कारवाही गर्न अनुरोध गरे । सात महिनापछि अर्थात् मिति २०५०।८।८ मा निर्देशनालयको २०५०।६।१४ को परिपत्र अनुसार त्यो समस्या निर्देशनालयको कार्य-क्षेत्र भित्र पर्दैन भन्ने जवाफ आयो । २०५०।१।४ मा वन तथा भू-संरक्षण मन्त्रालयमा एउटा छानविन टोली गठन भयो । टोलीले २०५०।१।२२ मा नै प्रतिवेदन पेश गरिसकेको भएतापनि तत्काल कुनै किसिमले विवाद सुल्झाउने प्रयास नगरेका र पुन: २०५०।९।२१ मा जिल्ला वन कार्यालयका नयाँ अधिकृतले आवश्यक निर्देशनको निमित्त अनुरोध गरेको देखिन्छ र अन्तमा मिति २०५०।१२।२९ मा राज्यमन्त्रिस्तरीय निर्णयपछि २०५०।१२।३० मा मात्र वन विभाग काठमाडौंले यस बारे अन्तिम निर्णय गरेको देखिन्छ ।

वन विभागको निर्णयको विश्लेषण

आपसी समझदारीमा विवाद समाधान हुन नसकेको भएतापनि वन विभागको निर्णयबाट दुवै पक्ष आ-आफ्नो चाहना केहि हदसम्म पूर्ति भएको महसुस गर्दछ । वन विभागको २०५०।१२।३० को निर्णय अनुसार कार्य संचालन योजना विपरित काम गर्ने उपभोक्ता समूहलाई विघटन गर्न सकिने ब्यवस्था नियमावलीमा गरिएको छ । समूहले साधारण सभाको निर्णय अनुसार काम गर्ने वा नगर्ने निर्णय गर्न अधिकार दिएको देखिन्छ । वन विभागको निर्णयमा भनिएको छ, संशोधित कार्य संचालन योजना स्वीकृत भएपछि उपभोक्ताहरुलाई काठ र दाउरा उपलब्ध गराइने छ । साथै, वन-पैदावारको बिक्रीबाट आर्जन हुने रकम वन संरक्षण र बचावटका लागि मात्र प्रयोग गरिने छ । अन्त्यमा, निर्णयमा भनिएको छ, आउँदो ५ बर्षसम्म कुनै रुख पनि काट्न पाइने छैन । यस निर्णयबाट के देखिन्छ भने, एकातिर वन विभागले महिला समूहलाई कार्य संचालन योजना विपरित काम गरेकोमा सजाय र चेतावनी दिन चाहेको देखिन्छ भने अर्कोतिर महिला समूहले आफ्नो ईच्छा अनुसार वन-पैदावार बेच-बिखन गर्न सक्ने मात्र नभई उपभोक्ता समितिको विघटन गर्ने नगर्ने बारे पनि आफै निर्णय गर्न सक्छन् ।

यस निर्णय अनुसार कार्य संचालन योजना संशोधन गरियो र यसलाई कार्यान्वयन गर्ने बारे सामूहिक निर्णय भयो । तापनि, केहि समस्याहरु बाँकीनै रहे । उदाहरणका लागि, संशोधित कार्य संचालन योजनामा समूहको कोषमा संकलित रकमबाट ऋण दिने अनुमति दिएको थिएन, तापनि त्यो समूहले एक जना व्यक्तिलाई घर धितो लिई केहि रकम ऋणको रुपमा दिए । त्यो समूहले ब्याजबाट आफ्नो आय बढाउने ध्येयले यो ऋण दिने निर्णय गरेका थिए । यो कामलाई संशोधित कार्य संचालन योजना विपरित काम गरेको भन्न सकिन्छ तर महिला समूहको भनाई अनुसार यो दफा बारे उनीहरुलाई थाहा थिएन ।

वन विभागको निर्णय र यसको असर

१) २०४९ साल माघमा कटानी भएका रुख बारेको विवाद सम्बन्धमा बिग्रेर २०५०।१२।३० मा मात्र निर्णय गरियो । यस ढिलाईले गर्दा करिव २५ प्रतिशत काठ सडीगली बिग्रेको हुँदा महिला समूहका साथै राजस्वको कारणले राष्ट्रिय अर्थतन्त्रले पनि नोक्सान सहन पऱ्यो ।

२) निर्णयमा ढिलाई भएबाट जलविरे महिला सामुदायिक वन समूहको वन रेख-देख गर्ने क्षमतामा पनि नराम्रो असर पऱ्यो । यसबाट उनीहरुले आदर्श र चाहना पनि कुंठित भएको महशुस गरे । यस प्रकार त्यो संस्थाको अस्तित्वनै त्रसित हुन पुग्यो ।

३) कार्य संचालन योजना ५ बर्षका लागि मात्र हुन्छ र निर्णय अनुसार पूरा योजना अवधि-सम्म रुख काट्न बन्देज गरिएको छ । यसले गर्दा महिलाहरु भविष्यमा त्यस कार्यक्रमबाट कुनै ठोस फाइदा पाउन नसक्ने ठान्दछन् ।

४) निर्णय अनुसार वन-पैदावार बेच-बिखनबाट आर्जन भएको रकम वन संरक्षण र बचावटका लागि प्रयोग गरिनु पर्छ । वन ३.९३ हेक्टर मात्र भूभाग भएको सानो क्षेत्र हो । सबै आर्जित रकम त्यसको संरक्षण र बचावट गर्नमा मात्र प्रयोग गर्न सम्भव नहुन सक्छ । आफ्नो आर्जनलाई त्यो समूहले सामाजिक विकास कार्यमा लगाउन नपाउने कुराबाट पनि ती समूह निरुत्साहित हुन गएको पाइन्छ ।

५) वन विभागको निर्णयले महिला समूहमा मात्र असर परेको छ । कार्य योजना विपरित रुख कटानी बारे थाहा पाएका वन विभागका कर्मचारीहरु माथि कुनै ठोस कारवाही गरिएको देखिएन ।

६) निश्चित रुपमा तय गरिएको वन ऐन, कानून, नियम र नियमावली नहुनाको स्थितिमा वन विभागले गरेको यस्तो निर्णयको कारणले गोरखा जिल्लाका अन्य उपभोक्ता समूहले, कार्य संचालन योजनाको विपरित रुख कटानी गर्न पाउनु पर्ने माग गर्दैछन् । यसो गर्न दिइयो भने सामुदायिक वन कार्यक्रम नीति स्पष्ट रुपमा उल्लंघन हुन जान्छ र सामुदायिक वन कार्यक्रमको सफलतामा प्रश्न चिन्ह खडा हुन सक्दछ ।

७) २०४८ सालको कार्य संचालन योजनाको दफा २० मा उल्लेख भए अनुसार जलविरे महिला सामुदायिक वन समूहको लेखा, बैंकमा खाता खोली संचालन गरिने र कम्तिमा पनि आम्दानीको २५ प्रतिशत वन संरक्षण र विकासका लागि प्रयोग गर्नु पर्नेछ । बाँकी रकम आफ्नै निर्णय अनुसार खर्च गर्न समूहलाई अधिकार दिइएको छ ।

२०५१ सालमा संशोधित कार्य संचालन योजनाको दफा २२ अनुसार कम्तिमा पनि आर्जित रकमको ७५ प्रतिशत रकम वन विकासका काममा खर्च गर्नु पर्छ । यस बाहेक २०४९ र २०५० मा संकलित काठ र दाउराको लिलाम बिक्रीबाट उठेको रकम वन संरक्षण र बचावट कामका लागि मात्र प्रयोग गर्नु पर्ने कुरा उल्लेख गरिएको छ । फलस्वरुप समूहका सदस्यहरु हतोत्साहित भएका छन् । आर्जित रकमको ७५ प्रतिशत वन विकासकै काममा खर्च गर्नु पर्ने निर्णय भएबाट अन्य समूहहरुले पनि सामुदायिक वन प्रणाली प्रति अभिरुचि लिन छाड्दैछन् ।

८) २०४८ सालको कार्य संचालन योजनाले महिला समूहलाई योजना समेत संशोधन गर्न सक्ने अधिकार दिएको थियो । संशोधित योजनामा यस्तो व्यवस्था हटाइएको छ । यसबाट के अर्थ लाग्न गएको छ भने वनलाई समूहको जिम्मा लगाइएको भएतापनि यस्को कार्य संचालनको पूर्ण अधिकार वन विभागमा नै रहन्छ, किनकि समूहले आफ्नो ईच्छा अनुसार कार्य संचालन तथा योजना संशोधन गर्न सक्दैन ।

९) २०४८ सालको कार्य संचालन योजनाले उपभोक्ता समिति आफैले रु २००।- सम्म खर्च गर्न पाउने व्यवस्था गरेको छ । यो भन्दा बढी खर्च गर्न परेमा उपभोक्ता समूहको

स्वीकृति चाहिन्छ । यो कुरा पनि संशोधित कार्य संचालन योजनामा छुट्न गए जस्तो देखिन्छ ।

१०) पहिलेको योजनामा नवीकरण गर्न सक्ने व्यवस्था रहेकोमा, हालको योजनामा पुनः नवीकरण गर्न सक्ने व्यवस्था छैन । संशोधित कार्य संचालन योजना ५ बर्ष सम्मका लागि लागू हुन्छ । तसर्थ समूहमा ५ बर्षपछि वन फिर्ता दिनु पर्ने हो कि भन्ने असुरक्षाको भावना छ ।

विवादसंग सम्बन्धित सबै विभिन्न तहमा विवादको असर र वन विभागको निर्णय बारे उचित छानविन गर्नु जरुरी छ ।

जलविरे महिला सामुदायिक वन समूह

सामाजिक र लिंग भेद सम्बन्धि प्रभाव

कार्यक्रमले महिला सदस्यहरुको प्रोत्साहन र चाहनामा असर परेको छ । महिलाहरुनै वन क्षेत्र संरक्षण र व्यवस्थापन गर्ने सम्बन्धमा वन विभागसंग संझौता गर्न अग्रसर भएका थिए । यसका लागि गाउँका पुरुषहरुबाट महिलाहरुले उल्लेखनीय शंका उपशंका र असहमतिको सामना गर्नु परेको थियो । यो विवादको कारणबाट गाउँका पुरुषहरुले महिलाहरुलाई होच्याउन थालेकाले महिलाहरु गाउँ-घरमा आफू अपमानित भएको महशुस गर्छन् । यस बाहेक महिला सदस्यहरुले विवाद सुल्झाउने प्रयासका लागि गरिएको बैठकहरुमा निकै समय र शक्ति लगाएका छन् ।

वन विभाग प्रति विश्वास घट्नु

विवादबाट उत्पन्न अनिश्चिततालै गर्दा महिला सदस्य बीच वन विभाग प्रति विश्वास घट्दै गएको छ । सदस्यहरु आजभोलि भविष्य प्रति अनिश्चित छन् र उनीहरु बैठकमा भाग लिन र वन संरक्षणको जिम्मेवारीमा सरीक हुन पहिलेको भन्दा कम उत्साहित देखिन्छन् । यसको दीर्घकालिन परिणाम भविष्यमा मूल्याङ्कन गर्नु पर्नेछ ।

आर्थिक प्रभाव

विवाद समाधानका लागि हुने गरेको ढिला सुस्तीले गर्दा कटानी गरेका रुख धेरै समयसम्म खुला रहन गई बिग्रन जाने स्थितिमा पुगे । स्थितिलाई हेरी गरिएको अनुमानका आधारमा २५ प्रतिशत् जति काठ कुहिएर गयो र त्यसै अनुपातमा महिला समूहको आयमा नोक्सानी पर्न गयो । समयमै स्थानीय-स्तरमा वा वन विभागबाट विवादको समाधान भै दिएको भए यो नोक्सानी हुने थिएन । यस बाहेक जलविरे महिला वन समूहले आफ्नो कूल आम्दानी रु ३०४,५९१ बाट बिक्री करको रुपमा रु ५९,३९१ तिरेको छ । यसले गर्दा राजश्वमा पनि ह्रास भएको देखिन्छ ।

विगतका र हालको प्रचलन अनुसार जिल्ला वन अधिकारीले लिलाम बिक्री गरेको काठको आम्दानी राजश्वमा दाखिल हुने भएमा मात्र बिक्री कर लाग्ने पाइएको छ । नेपालका अन्य सामुदायिक वन समूहहरुको त्यस्तै किसिमको आम्दानीको विश्लेषण गर्दा के देखिन्छ भने, सामुदायिक वन क्षेत्रका वन-पैदावार अथवा निजी जमिनको वन-पैदावारको बेच-बिखन गर्दा बिक्री कर लाग्ने गरेको छैन । यसबाट के प्रष्ट हुन्छ भने, जानकारी र सतर्कताको अभावले गर्दा जलविरे महिला समूहलाई तिर्नै नपर्ने रकम रु ५९,३९१ नोक्सानी भएको छ ।

संस्थागत प्रभाव

यस्तो नकारात्मक अनुभवले गर्दा गाउँ-स्तरको एउटा संस्था हतोत्साहित र कमजोर बन्न पुगेको छ । सामूहिक कार्यक्रमबाट सदस्यहरुलाई बल पुग्न गई संकटसंग जुझ्ने क्षमता मजबूत हुन्छ, तर यस घटनाले महिला समूह र वन विभाग बीचको संस्थागत समझदारीको कमीले गर्दा त्यो समूहको अस्तित्वको दिगोपनलाई नै नराम्रो असर पर्न गएको छ । अन्तिम निर्णयमा परेका कुराहरु, जस्तै ५ बर्षसम्म काट्न लायक रुख समेत काट्न नपाइने, विवादमा परेका काठबाट आर्जन हुने सबै रकम तथा पछि हुने आर्जनको ७५ प्रतिशत रकम वन संरक्षण र विकासका लागि मात्रै खर्च गर्नु पर्ने भन्ने कुराहरुले समूहलाई हतोत्साहित बनाएको छ ।

यसले गर्दा सदस्यहरुले पछि गएर वन संरक्षण र व्यवस्थापनमा आफ्नो भूमिका के हुने हो भन्ने प्रश्न गर्न थालेका छन् । समूहलाई सुसंगठित हुन र यस अनुभवबाट पाठ सिकेर वन संरक्षण र व्यवस्थापनका लागि उपयुक्त संस्था बनाउने काममा अग्रसर हुन केहि समय लाग्न सक्ने अनुमान गर्न सकिन्छ ।

जैविक वातावरणीय प्रभाव

महिला समूहको अभिरुचि र संरक्षण प्रतिका गहन संलग्नताले गर्दा उनीहरुको रेख-देखमा वन छिटो छिटो हुर्कदै थियो । विवाद र त्यससंग सम्बन्धित समस्याहरुले गर्दा उनीहरुको प्रतिवद्धता घट्दै गयो । त्यो वन क्षेत्र पुन: खुलेआम चरन क्षेत्रको रुपमा परिणत भयो भने वन बढ्ने क्रममा असर पर्न गई अझै विनाश भएर आम्दानीको श्रोत बन्द हुन सक्छ ।

वन विभाग प्रतिको दृष्टिकोण

वन विभाग प्रति पनि नकारात्मक प्रभाव पर्न गएको छ, जस्तै : वनको ह्रास हुँदै जानु, कार्य संचालन योजना विपरित काम हुनु, तथा अन्य समुदायहरु सामुदायिक वन कार्यक्रमहरु लागू गर्न हच्किनु । हाल गोरखा जिल्लामा ९१ वटा सामुदायिक वन उपभोक्ता समूह छन् र अर्को पाँच वटा वन समूहको कार्य संचालन योजनाहरु तयार हुँदैछन् । सामुदायिक वन प्रयोग गर्ने उपभोक्ता समूहहरु धेरै हुने हुनाले वन विभाग र समूहहरु बीच विभिन्न किसिमका विवादहरु खडा हुन

सक्छन् । तसर्थ अन्य उपभोक्ता समूहहरुले जलविरे महिला सामुदायिक वन समूह सम्बन्धि विवादको असर र समाधान गर्न गरिएका निर्णयहरुबाट धेरै कुरा सिक्नु पर्ने देखिन्छ ।

लिंग भेदबाट परेको असर

एउटा गाउँ-स्तरको, त्यो पनि महिलाहरुको संस्था र आफ्नो भन्दा ठूलो परिवेश भित्र रहेको ईच्छा-आकांक्षाको लागि हान्-थापको स्थितिसंग तिनीहरुले सामना गर्नु पर्ने कुरा त प्रष्ट नै छ। यस घट्नाक्रममा प्राकृतिक सम्पदाबाट प्राप्त हुने लाभ माथिको अधिकार र नियन्त्रणका कुराहरु स्त्री र पुरुषको भूमिका प्रति रही आएको भेदभावपूर्ण दृष्टिकोणले गर्दा जटिल बनाइएका छन् ।

विवाद एकदमै असन्तुलित शक्तिहरु बीच उठेको छ । एकातिर श्री ५ को सरकार वन विभाग छ भने अर्को तर्फ एउटा सानो महिला समूह छ । जलविरे महिला वन समुदायमा निरक्षर महिला सदस्यहरु छन् । उनीहरु आफ्नो काममा पूरै समर्पित हुने गरे तापनि प्रशासनिक वा कानूनी कुराहरु बुझ्दैनन् । यसकारण के स्पष्ट हुन्छ भने कुनै अधिकार प्राप्त व्यक्तिबाट वन सम्बन्धि काम संचालन गर्न उनीहरुले आदेश पाएका हुन सक्छन्, जुन कामले गर्दा २०४९ सालको कार्य संचालन योजना उल्लंघन हुन गयो । साथ-साथै महिला समूहका घर-परिवारका पुरुषहरु, महिलाहरु मात्र सदस्य भएको समूहले काम गर्न सक्दैन भनी महिलाहरुलाई हेप्ने गर्दथे । महिलाहरुले आफ्नो घर-धन्दा र खेतीपातीमा भन्दा वन सम्बन्धि काममा बढी समय दिन थालेकाले पुरुषहरु खुशी थिएनन् । यसले गर्दा आफ्ना सहकर्मी पुरुषहरु, महिलाहरुले गरेको वन संरक्षणको काम जारी राख्ने तर्फ अनिच्छुक भए र महिलाहरुलाई जिल्ला वन कार्यालयसंगको विवादमा सघाउने वा तिनीहरुको पक्ष लिने कोही भएन ।

हालको अवस्थामा महिलाहरुले सामुदायिक वनबाट आर्जन गरेको रकम साधारण विकासका काममा खर्च गर्न सक्दैनन् र उनीहरुको निर्णय गर्ने अधिकार ज्यादै सीमित पारिएको छ । समूहका सदस्यहरुलाई नयाँ घर बनाउन नपर्ने भएको हुँदा तत्काल काठको आवश्यकता छैन। दाउरा र बस्तुभाउलाई चाहिने घाँस-पात उनीहरुको खेतबारीमा पाइने रुखबाट नै पुग्छ । त्यसैले बस्तुभाउ चराउन उनीहरुलाई वन चाहिन्न । यस स्थितिमा महिलाहरु तथा तिनीहरुका परिवारका पुरुष सदस्यहरु के ठान्दछन् भने कुनै फाईदा नपाइने हो भने वन व्यवस्थापन काममा लागी पर्नु बेकार हो । महिलाहरु मात्रको समूह भएकाले पाँच बर्षसम्म रुख काट्न नपाइने, कोषमा कडा नियन्त्रण राख्ने र अन्य किसिमले बन्देज राख्ने जस्ता निर्णयहरु गरिएका हुन्, भन्ने धारणा उनीहरुमा बढ्न लागेको छ ।

कानूनी प्रश्नहरु

दुई पक्ष बीचका संझौतामा हुनु पर्ने विवाद समाधानका व्यवस्था बारे कार्य संचालन योजना मौन छ । वन ऐन २०४९ को एक प्रावधान अनुसार कार्य संचालन योजना उल्लंघन गरेमा उपभोक्ता

समूह विघटन गर्न सकिन्छ । यसैले गर्दा हुन सक्छ जिल्ला वन अधिकारीले वन विभागबाट निर्देशन मागदा वन ऐन २०४९ को दफा ५ उल्लेख गरी पठाएका थिए, जुन वन ऐन अहिलेसम्म पनि लागू भएको छैन ।

वन ऐन २०४९ मा सामुदायिक वन व्यवस्थापन र उपभोक्ता समूहको गठन सम्बन्धि व्यवस्था छ, तर त्यसलाई कार्यान्वयन गर्ने नियमाबली अझैसम्म आएको छैन । वन ऐन २०१८ मा सामुदायिक वन बारे केही उल्लेख छैन, तर पंचायती वनको भने उल्लेख छ । तोकिएको शर्तहरुका अधीनमा सरकारले सार्वजनिक वनलाई बृक्षारोपणका लागि गाउँ पंचायतमा दिन सक्ने व्यवस्था थियो । वन ऐन २०४९ को दफा २९,२९ (ङ) र ३२ अन्तर्गत सामुदायिक वन र उपभोक्ता समितिहरुको व्यवस्था बारे उल्लेख छ ।

२०५१ सालमा जिल्ला वन अधिकारीको सहयोग लिई, महिला समूहले नयाँ कार्य संचालन योजना बनाउने कुरा थियो, तर महिला समूहको संलग्नता बिना नै जिल्ला वन अधिकारीले कार्य संचालन योजना संशोधन गरे ।

सम्बन्धित जिम्मेवार अधिकारीहरुबाट प्रत्यक्ष रुपमा विवादमा संलग्नता राख्ने गोरखाका जिल्ला वन अधिकारी वा रेन्ज अधिकृत कसैसंग पनि विवाद बारे स्पष्टिकरण लिने वा सोधपूछ गर्ने काम भएन । साथै काठमाण्डौंबाट गएको छानविन टोलीले पनि उपभोक्ता समूहको अध्यक्षबाट रुख कटानी सम्बन्धमा समूहले जिम्मेवार अधिकारीहरुबाट निर्देशन लिएको भन्ने बयान टिपेका थिए, तापनि त्यो टोलीले यो कुराबारे जिम्मेवार अधिकारीहरुसंग सोधपूछ गरेको कुनै संकेत पाइएन ।

उपभोक्ता समूहको कार्य संचालन योजना जिल्ला वन अधिकारीले बैशाख २०४९ मा स्वीकृत गरेका थिए, तापनि झण्डै एक बर्ष पछि क्षेत्रीय वन निर्देशनालयबाट श्रावण ३२, २०४९ मा दिइएको स्वीकृतिका आधारमा बैशाख २०५० मा मात्र उपभोक्ता समूहलाई वन हस्तान्तरण गरियो । यस्ता ढिला-सुस्तीले गर्दा कहिलेदेखि कार्य संचालन योजना लागू हुने वा भएको हो भन्ने कुरा योजनामा पनि उल्लेख नभएबाट विवादहरु उठने वा भ्रममा पर्ने अवस्था आउन सक्छ ।

विवाद माघ २०४८ देखि मात्र शुरु भएको थियो, तर त्यस सम्बन्धमा २०५०।१२।३० मा मात्र निर्णय गरियो । यसरी वन विभागलाई विवाद समाधान गर्न २४ महिना भन्दा बढी समय लाग्यो।

यो विवाद कुराकानीबाट समाधान हुन सकेन भन्ने त प्रष्ट छ । यस सम्बन्धमा उठेका समस्या, अन्य विभिन्न कुरा र तिनका प्रभावलाई बिचार गर्दा एउटा विवाद समाधान प्रक्रिया कार्य संचालन योजनामा प्रष्ट रुपमा उल्लेख हुनु पर्छ भन्ने निष्कर्षमा पुगिन्छ । वैकल्पिक विवाद समाधानको प्रक्रियाको निश्चित बाटो उल्लेख गरेमा समय र पैसाको बचत हुनुका साथै सम्बन्धित पक्षहरु बीच पनि पछि सम्मका लागि रचनात्मक सम्बन्ध कायम हुन जानेछ । यसबाट उनीहरुमा कुनै पक्षले पनि नहारेको र दुवै पक्षको जीत भएको भन्ने धारणा बन्दछ ।

उपयुक्त ऐन कानून र नियमाबली नभएको स्थितिबाट कार्य संचालन योजना सम्बन्धमा भ्रम वा समस्या आई परेमा दुवै पक्ष मिलीजुली आपसी छलफलबाट सहमतिमा पुग्न सक्नेछन् । विवाद राजनीतिकरणबाट मुक्त हुन गई नकारात्मक असरहरु पन्छिने छन् । अन्यथा श्री ५ को सरकार वन विभाग जस्तो निकाय र एउटा सानो महिला समूह बीच शक्ति सन्तुलन हुन सक्दैन र महिला समूहले वन विभागको निर्णय मान्नु पर्ने हुन्छ ।

सम्भाव्य सिफारिसको खोजी

नीति निर्माण स्तर

- वन ऐन २०४९ तुरुन्त कार्यान्वयन हुनु पर्छ । राजपत्र २०४९ मा प्रकाशित ऐन २०५१ माघसम्म पनि लागू हुन सकेको छैन । यसले गर्दा वन सम्बन्धि सेवा क्रियाकलाप र निर्णयमा ज्यादै असुबिधा र अन्यौल देखा परेको छ ।
- वन नियमाबली तुरुन्तै ल्याइनु पर्छ र यसमा सामुदायिक वनहरु र उपभोक्ता समूहहरुलाई संचालित गर्न आवश्यक सबै नियम विनियमहरु समावेश हुनु पर्छ ।
- कार्य संचालन योजनालाई स्वीकृति दिने अधिकार एउटा निकायलाई सुम्पनु पर्छ ।
- वन विभागको विवाद सुल्झाउने बारे निर्णय गर्ने परम्परागत प्रक्रियालाई पुनरावलोकन गरी निर्णयका लागि लामो समय नलगाउने व्यवस्था हुनु पर्छ ।

विभागीय स्तर

- विवादसंग सम्बन्धित कुनै पक्षले सरकारी कर्मचारीको निर्देशनले गर्दा विवाद उठ्न गएको भन्ने जिकिर गरेमा सम्बन्धित कर्मचारीबाट यस सम्बन्धमा लिखित जानकारी लिनु पर्दछ ।
- विवाद सम्बन्धमा उचित समयावधि भित्रै निर्णय दिई सक्नु पर्छ ।
- वन उपभोक्ता समूहहरुलाई आफ्नो आम्दानी समुदायको हितको लागि पनि प्रयोग गर्न दिनु पर्छ ।

जिल्ला वन कार्यालय स्तर

- जिल्ला वन अधिकारीलाई विशेष अदालतका न्यायाधिश सरह अख्तियार दिइएको छ । यस हैसियतमा न्यायिक अंग जस्तै किसिमले काम गर्न न्यायिक प्रकृया बारे तालीम दिइनु पर्छ । न्यायिक जानकारी नभएकोले नै जिल्ला वन अधिकृतले पठाएको टिप्पणीमा कार्यान्वयनमा नआइसकेको वन ऐन २०४९ लाई उल्लेख गरेको हुन सक्छ।
- कार्य संचालन योजना तयार गर्न वा संशोधन गर्न उपभोक्ता समूहलाई पूर्ण अधिकार दिनु पर्छ । जिल्ला वन अधिकृतको तर्फबाट आवश्यक प्राविधिक सर-सल्लाह मात्र दिइनु पर्छ ।

- कार्य संचालन योजनामा विवाद समाधानको प्रावधान स्पष्ट रुपमा समावेश गर्नु पर्छ।
- कार्य संचालन योजना लागू हुने मिति स्पष्ट उल्लेख गरिनु पर्छ ।
- जिल्ला-स्तरमा नै विवाद समाधान गर्न हरसम्भव प्रयास गरिनु पर्छ । तसर्थ समय-समयमा दुवै पक्ष बीच कुराकानी र पत्र व्यबहार गर्ने प्रक्रिया अपनाउनु पर्छ ।
- सबै सामुदायिक वन उपभोक्ता समूहहरुलाई कार्य संचालन योजना बनाउन, नियम कानून बारे चेतना जागृत गर्न तालीमहरु संचालन गर्नु पर्छ ।

समुदायस्तर

- उपभोक्ता समूहले कार्य संचालन योजना बमोजिम काम गर्नु पर्छ ।
- जिल्ला वन अधिकृतको निर्देशनमा गरिने काम कारवाहीका सम्बन्धमा मौखिक मात्र नभई लिखित रुपमा निर्देशन लिनु पर्छ ।
- महिलाहरुलाई सामुदायिक वन बारे तालीम दिनु पर्दछ । जलविरे महिला वन समूहका महिलाहरुले अन्यत्र राम्रोसंग काम गरिरहेका सामुदायिक वन र उपभोक्ता समिति वा समूहको क्रियाकलाप बारे अध्ययन गर्ने उदेश्यले अध्ययन भ्रमणको व्यवस्था हुन पनि आवश्यक छ ।

सन्दर्भ सामग्री

१) सामुदायिक वन व्यवस्थापन कार्य संचालन योजना, द्यौराली गाविस, जलविरे महिला सामुदायिक वन १९९१, र त्यसको संशोधन १९९४, जिल्ला वन कार्यालय, गोरखा ।

२) जलविरे महिला सामुदायिक वन समूहको बैठकका मुख्य मुख्य निर्णयहरु ।

३) जिल्ला वन कार्यालय गोरखाबाट वन मन्त्रालयमा प्रेषित प्रतिवेदन ।

४) जिल्ला वन कार्यालय, गोरखाको १५ अक्टोवर १९९३ को प्रतिवेदन ।

५) वन विभाग, सामुदायिक वन विकास महाशाखाको अन्तिम निर्णय , मार्च १९९४ ।

६) वन ऐन २०१८ तथा वन ऐन २०४९ ।

ICIMOD

ICIMOD is the first international centre in the field of mountain development. Founded out of widespread recognition of environmental degradation of mountain habitats and the increasing poverty of mountain communities, ICIMOD is concerned with the search for more effective development responses to promote the sustained well being of mountain people.

The Centre was established in 1983 and commenced professional activities in 1984. Though international in its concerns, ICIMOD focusses on the specific, complex, and practical problems of the Hindu Kush-Himalayan Region which covers all or part of eight Sovereign States.

ICIMOD serves as a multidisciplinary documentation centre on integrated mountain development; a focal point for the mobilisation, conduct, and coordination of applied and problem-solving research activities; a focal point for training on integrated mountain development, with special emphasis on the assessment of training needs and the development of relevant training materials based directly on field case studies; and a consultative centre providing expert services on mountain development and resource management.

Mountain Natural Resources' Division

Mountain Natural Resources constitutes one of the thematic research and development programmes at ICIMOD. The main goals of the programme include i) Participatory Management of Mountain Natural Resources; ii) Rehabilitation of Degraded Lands; iii) Regional Collaboration in Biodiversity Management; iv) Management of Pastures and Grasslands; v) Mountain Risks and Hazards; and vi) Mountain Hydrology, including Climate Change.

Participating Countries of the Hindu Kush-Himalayan Region

- Afghanistan
- Bhutan
- India
- Nepal
- Bangladesh
- China
- Myanmar
- Pakistan



International Centre for Integrated Mountain Development (ICIMOD)

4/80 Jawalakhel, G.P.O. Box 3226, Kathmandu, Nepal

Telex : 2439 ICIMOD, NP
Telephone : (977-1-525313)
e-mail : distri@icimod.org.np

Cable : ICIMOD, NEPAL
Fax : (977-1) 524509
(977-1) 536747